# अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले
# पोखरास्थित सामुदायिक सम्बन्ध केन्द्रका मित्रहरु तथा सहयोगीहरुसमक्ष
# दिनुभएको वक्तव्य

(वितरणका लागि तयार गरिएको)

साङ्ग्रीला होटल, पोखरा — २०६४ जेठ २९

तपाईंहरु सबैलाई यहाँ आउनुभएकोमा धन्यवाद । पोखरामा फेरी आउन पाउनु मेरा लागि खुशीको कुरा हो । म आफ्नो तीन-वर्षे कार्यकाल पूरा गरी चाँडै नै नेपाल छोड्दैछु । मलाई नेपाल र नेपाली जनताको माया लाग्छ । म र मेरो श्रीमतीलाई यहाँ तपाईंहरुसँग बसेर तपाईंहरुको संस्कृतिसँग भिज्न पाएकोमा तथा थुप्रै नयाँ साथीहरु बनाउन पाएकोमा अत्यन्तै खुशी लागेको छ ।

**भविष्यप्रतिको चासो**

नेपालप्रतिको मेरो व्यक्तिगत सम्मानभाव र यहाँको सफल लोकतान्त्रिक परिवर्तनका लागि मेरो देशको चासोका कारण म तपाईंहरुसमक्ष केही कुरा राख्न आज उपस्थित भएको छु । म नेपालको भविष्यप्रति चिन्तित छु ।

यो वर्ष नेपालका लागि परिवर्तनकारी हुन सक्छ । यदि संविधान सभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढंगले सुसम्पन्न भयो भने यो नेपालको शान्तिपूर्ण, समुन्नत र लोकतान्त्रिक भविष्यका लागि विशाल फड्को हुनेछ । यो नेपाली जनताको आकांक्षा हो । यो नेपालका लागि अमेरिकी विदेश नीतिको अभिष्ट पनि हो । गत वर्षदेखि हाम्रो दूतावासले तपाईंहरुको चुनावको सहयोगका लागि अत्यन्तै मेहनत गरिरहेको छ । नेपाल सरकारले मंसीरमा चुनाव गराउने निर्णय गरेको परिप्रेक्ष्यमा हामी यो सहयोगलाई अझ निरन्तरता दिनेछौं । अमेरिकामा नेपालका मित्र र प्रशंसकहरु धेरै छन् । उनीहरु नेपालका जनताले स्वतन्त्र लोकतान्त्रिक निर्वाचनमार्फत आफ्नो भविष्यको निर्धारण गरेको हेर्न चाहन्छन् । पूर्व राष्ट्रपति जिम्मी कार्टर यस्तै एक मित्र हुनुहुन्छ । तपाईंहरुलाई थाहा पनि होला, वहाँ भोलीदेखि नेपालको तीन-दिने भ्रमणमा आउँदै हुनुहुन्छ ।

नेपालको शान्तिपूर्ण, समुन्नत र लोकतान्त्रिक भविष्य भने खतरामा परेको छ। हरेक दिन चुनौतीहरु थपिँदै गएको जानकारी सञ्चारमाध्यमबाट हामी पाउँछौं। माओवादीको योङ कम्युनिष्ट लीगका कार्यकर्ताहरुले व्यापारीहरुलाई अपहरण गर्छन्, र अरु राजनैतिक पार्टीका नेताहरुलाई उनीहरुको बैठकमै आक्रमण गर्छन्। जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरुले तराईमा व्यक्तिगत सम्पत्तिहरुमाथि कब्जा गर्छन् र मानिसहरुको हत्या गर्छन्। यी र यस्तै आपराधिक क्रियाकलापको सूची लामो छ र अझ बढ्दै छ।

विगत एक वर्षदेखि मैले नेपालको लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको शान्ति प्रक्रिया हो भन्ने पटकपटक सुन्दै आएको छु। माओवादी तथा अन्य समूहहरुको ज्यादतीका बारेमा कुरा गरेर शान्ति प्रक्रिया विथोलेको आरोप मलाई लाग्ने गरेको छ। तर मेरो बोलीले होइन, बरु यस्ता ज्यादतीहरुले चाहिँ शान्ति प्रक्रियालाई खतरामा पार्छन्, र यो कुरामा धेरैजना सहमत हुनुहुनेछ भन्ने मैले ठानेको छु। शान्ति भनेको युद्धको अनुपस्थिति मात्र होइन। माओवादी हिंसा र धम्कीले शान्ति प्रक्रिया विथोलिरहेका छन् र यसबाट सम्पूर्ण नेपालीको भविष्य खतरामा परेको छ।

**पहिलो अडचन : माओवादी व्यवहार**

तपाईंहरुजस्तै म पनि नेपालले चाँडै नै एउटा साँच्चिकै, दीगो शान्ति पाउनेछ तथा दीर्घकालसम्मका लागि लोकतन्त्र र समुन्नतिको बाटो निर्धारण गर्नेछ भन्ने आशा राख्छु। अहिलेको अवस्था हेर्ने हो भने यो लक्ष्य प्राप्तिका अगाडि दुइवटा मुख्य कठिनाई छन्। पहिलो हो - माओवादीले बहुदलीय लोकतान्त्रिक व्यवस्थाका मूलधारका अन्य राजनैतिक दलहरुअनुरुपको व्यवहार अंगाल्न नसक्नु।

विगत एकवर्षदेखि माओवादीले आफूले गरेका प्रतिबद्धताहरु अनुसार व्यवहार सुधार्लान् भन्ने हामीले आशा राखेका थियौं। तर यस्तो भएन। हामीले आशा राखेका थियौं - विस्तृत शान्ति सम्झौतामा सही गरिसकेपछि जनमुक्ति सेनाका लडाकूहरुलाई राष्ट्रसंघको अनुगमनमा शिविरहरुमा राखिनेछ। तर त्यसो भएन, बरु माओवादीहरुले यी शिविरहरुमा राख्नका लागि व्यापक स्तरमा नयाँ भर्ना अभियान शुरु गरे। यसरी नयाँ भर्ना भएकामध्ये कतिपय त बालबालिका थिए। यी नयाँ भर्ना भएकाहरुले पाँच महिनादेखि शिविरमा रहेर सैन्य तालिम र राजनैतिक प्रशिक्षण लिइरहेका छन्।

त्यसैबेला, जनमुक्ति सेनाका कैयौं तालिमप्राप्त लडाकूहरु बाहिरै बसे । उनीहरुलाई माओवादी नेतृत्व तहले योङ कम्युनिष्ट लीग नामको नयाँ संगठनमा लगायो । योङ कम्युनिष्ट लीग अर्थात वाइसीएलका प्रायजसो कार्यकर्ताहरु जनमुक्ति सेनाका वरिष्ठ सदस्यहरु रहेका छन् । उनीहरुमध्ये एकजनाले हालै एउटा अन्तर्वार्ताका क्रममा आफूले काठमाडौंमा एक वरिष्ठ प्रहरी अधिकारीको हत्या गरेको धाक दिएका छन् । शिविरमा बस्नुपर्ने जनमुक्ति सेनाका यी नेताहरु किन बाहिर बसेर क्रियाशील रहेका हुन् ?

अन्तरिम संसदमा माओवादी प्रवेश गरेपछि उनीहरुको व्यवहार सुध्रिन्छ भन्ने आशा हामी सबैले गरेका थियौं । तर माओवादी सांसदहरुले संसदभित्रै पिस्तोल लिएर जाने, सहकर्मी सांसदहरुलाई धम्क्याउने र बारम्बार सभामुखलाई घेराउ गर्ने काम गरे ।

त्यस्तै अप्रिल १ (चैत १८) मा सरकारमा प्रवेश गरेपछि माओवादीहरुले मूलधारको राजनैतिक पार्टीको जस्तो व्यवहार गर्लान भनेर हामी सबैले अपेक्षा राखेका थियौं । तर, उनीहरुले नेपालका जनतालाई अप्रिल १, साँच्चिकै "अप्रिल फूल" को दिन थियो भनेर सम्झन बाध्य बनाउने खालका काम पो गरिरहेका छन् । त्यस दिनदेखि वाइसीएलले बेरोकटोक आफ्नो गतिविधि सञ्चालन गरिरहेको छ । माओवादीका तर्फबाट सरकारमा बसेका बनमन्त्री तथा स्थानीय विकास मन्त्रीले आफ्नै सरकारका विरुद्ध बन्द आह्वान गर्छन् र सूचना तथा सञ्चारमन्त्रीले आफ्नै प्रधानमन्त्रीलाई आपराधिक मानसिकता भएको भन्ने सार्वजनिक अभिव्यक्ति दिन्छन् । त्यस्तै माओवादी अध्यक्ष पुष्प दाहालले एक अन्तर्वार्तामा माओवादीको राजनैतिक मूलधारमा आउने कुनै विचार नभएको भनी सार्वजनिक गरेका छन् । उनको पार्टीको गत एक वर्षको गतिविधि हेर्ने हो भने सबै नेपालीले उनका शब्दहरुलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा कहीँ पनि कुनै राजनैतिक दलले आफ्नो छुट्टै सेना राख्न पाउँदैन । तर माओवादीले राखेका छन् । कुनै पनि राजनैतिक पार्टीले दण्डहीनताका साथ जबरजस्ती चन्दा असुली, अपहरण र धम्कीजस्ता अपराधहरु गर्ने छुट पाउनु हुँदैन । तर माओवादीले खासगरी वाइसीएलका माध्यमबाट यही गरिरहेका छन् ।

माओवादीका नेताहरुले त्यस्तो "राजनैतिक मूलधार" बनाउने कुरा गर्छन्, जसमा नागरिकस्तरमा कुनै लेनदेन, पारदर्शी बहस वा निर्णय-प्रक्रियाको स्थान हुँदैन र जसमा एक सामान्य लोकतान्त्रिक राजनैतिक पार्टीमा हुनुपर्ने जस्तो अहिंसाप्रतिको प्रतिबद्धता पनि हुँदैन । सरकारमा सामेल भएको दुइ महिनामा माओवादीले यही साबित गरिदिएका छन् ।

लोकतन्त्र, मानव अधिकार तथा श्रमसम्बन्धी अमेरिकी सहायक विदेशमन्त्रीले हालै काठमाडौंमा भन्नुभएजस्तै संयुक्त राज्य अमेरिकाको सन्देश स्पष्ट छ : नेपालको लोकतान्त्रिक प्रक्रियामा गोली र मतपेटिका सँगै जान सक्दैनन् । कुनै देशको लोकतान्त्रिक प्रक्रियामा डरधम्की र हिंसाको कुनैपनि भूमिका हुनसक्दैन । राजनैतिक औजारको रुपमा हिंसाको प्रयोग कसैगरी पनि मान्य हुनेछैन । तर हरेक दिन माओवादीले गरेका ज्यादतीहरुको बारेमा सञ्चारमाध्यममा रिपोर्ट आइरहेका छन् । कुरा प्रष्ट छ - माओवादी नेतृत्व र वाइसिएलबीचमा केही भिन्नता छैन । उनीहरु एउटै समग्रको दुई भाग हुन् र उनीहरुमध्ये एउटाले गर्ने क्रियाकलाप, अर्कोको निर्णय र आशयसँग सीधै सम्बन्धित छन् ।

समाचारअनुसार, दमकमा म चढेको संयुक्त राष्ट्रसंघको गाडीमा ढुंगा हान्ने वाइसीएलका कार्यकर्ता थिएनन् भन्ने कुरा आइतवार पुष्प दाहालले प्रधानमन्त्रीलाई बताउनुभएको छ । तर यो कुरा सत्य होइन । ढुंगा हान्ने व्यक्तिहरु स्थानीय माओवादी कार्यकर्ता थिए । उनीहरुले वाइसीएलको प्लेकार्ड बोकेका थिए । दाहालले यो कुरा स्वीकार गर्नुपर्छ र भविष्यमा कुनै पनि कूटनीतिज्ञ वा नेपाली नागरिकलाई वाइसीएलले यस्तो दुर्व्यवहार गर्नेछैनन् भनी सुनिश्चित गर्नुपर्छ ।

**दोश्रो अड्चन : जातीय विभाजन**

नेपालको शान्ति, समुन्नति र लोकतन्त्रमा दोश्रो अडचन हो - जातीय विभाजन । समावेशीकरणको मुद्दालाई तुरुन्तै सम्बोधन गर्नु आवश्यक छ । नेपालका हरेक समुहलाई राष्ट्रको राजनैतिक, आर्थिक र नागरिक मामिलामा आफ्नो भनाई राख्न पाउने मौका दिइनुपर्छ । यो कसरी गर्ने भन्ने निर्णय गर्ने काम नेपालका जनता र नेताहरुको हो । आफ्नो माग पुरा गर्नका लागि हिंसाको माध्यम रोज्ने अधिकार कुनै समुहलाई पनि छैन । तर यदि उपेक्षित समुदायको दुखेसोहरु चाँडै सुनिएन भने

हिंसाको मात्रा निश्चय नै बढ्न सक्छ । तराईमा त यसको झनै संभावना बढी छ । र, यदि जातीय समूहहरुका बीचमा हिंसा बढ्यो भने नेपालका विभिन्न भागमा अराजकता र विखण्डनको स्थिति आउनेछ ।

विभिन्न समूहहरुलाई समावेश गर्ने र उनीहरुको समस्याहरुको सम्बोधन गर्ने क्रममा नेपालले नियम कानुनको पनि हेक्का राख्नैपर्ने हुन्छ । समाजमा कानुनी शासनको स्थापना अपरिहार्य छ । नेपालमा अपराधसम्बन्धी ठोस कानुनहरु छन् । अपराध भनेको अपराध नै हो । हत्या र अपहरणका दोषी जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरुलाई उनीहरुले गरेका क्रियाकलापका लागि सजायको दायरामा ल्याउनैपर्छ । कसैले पार्क सफा गर्नेजस्तो काम गऱ्यो भन्दैमा उनीहरुले गरेका अपहरण, जबरजस्ती चन्दा असुली र शारीरिक यातनाजस्ता अपराधमा छुट पाउनुहुँदैन । जुनसुकै राजनैतिक समुहमा आवद्ध भएपनि कानुन मिच्नेहरुलाई पकड्नै पर्छ, उनीहरुविरुद्ध मुद्दा चलाइनुपर्छ र दोषी पाइएमा सजाय दिनैपर्छ ।

दश दिन अघि माओवादीहरुले सीताराम प्रसाईंलाई नियन्त्रणमा लिएर रातभरि राखे, सार्वजनिक रुपमा अपमान गरे र त्यसपछि पुलिसलाई बुझाए । प्रसाईंलाई आर्थिक अनियमितताको गम्भीर आरोप लागेको थियो । पुलिसले उनलाई पहिला नै गिरफ्तार गर्नुपर्ने थियो, र सरकारले त्यसो भएको सुनिश्चित गर्नुपर्ने थियो । जनताले सार्वजनिक रुपमै उनको गिरफ्तारीको माग गर्नुपर्ने थियो । माओवादीले उनलाई नियन्त्रणमा लिनुअघि उनको गिरफ्तारीको माग गरेनन् । नत उनीहरुले आफू सरकारमा रहेको नाताले गिरफ्तारीको लागि दवाव नै दिए । त्यसकारण हामी माओवादीको यो कार्यलाई राजनैतिक उद्देश्यबाट प्रेरित भिजिलान्तेको संज्ञा दिन सक्छौं । यदि माओवादीले भिजिलान्तेको व्यवहार गर्न सक्छन् भने अरु समूहले किन नसक्ने ? देशभरि नै अपहरण गर्ने र धम्की दिँदै हिँड्ने वाइसिएलका कार्यकर्ताहरुलाई अरु समूहहरुले किन गिरफ्तार नगर्ने ? तर त्यसो गर्न हुँदैन, किनभने यसले नियम कानुनलाई पूर्णत धरासायी बनाउनेछ र जंगली कानुनको अवस्थामा पुऱ्याउनेछ । राजाको शासनमा राजावादी समूहले कपिलवस्तुमा गरेको भिजिलान्तेको काम खराब थियो र माओवादीले गरे भने पनि खराब नै हुनेछ ।

**भयबाट मुक्ति :**

नेपाली जनताले आफ्नो जीवन निर्भयतापूर्वक बाँच्न पाउनुपर्छ । संविधान सभाको निर्वाचनको सफलताका लागि यो भयको निराकरण अत्यावश्यक छ । भयबाट मुक्ति पाउनु सबैको आधारभूत मानव अधिकार हो । एक दशक लामो सशस्त्र द्वन्द्व र एकवर्ष लामो लगातारको माओवादी दण्डहीनतापछि नेपाली जनताले अब त यो अधिकार पाउनैपर्छ । भयलाई नेपालबाट पूर्णरुपमा निष्काशित गरिनुपर्छ, ताकि सकारात्मकता र विश्वासको वातावरण बन्न सकोस् । यसो हुनका लागि लोकतन्त्रले एकतन्त्रीय, सर्वसत्तावादी शासनमाथि विजय पाउनुपर्छ ।

लोकतन्त्र भनेको जनताको, जनताका लागि जनताले नै गरिने शासन हो । यसमा सरकारी संस्थानहरुको पारदर्शिता, राजनीतिकर्मीहरुको आफ्नो निर्वाचन क्षेत्रप्रतिको उत्तरदायित्व, र समहति निर्माणका लागि सहभागिता आवश्यक हुन्छन् । यो कुनै एक पटक मात्र प्राप्त हुने अन्तिम परिणाम होइन, बरु एउटा प्रक्रिया हो । यो धेरै पार्टी र विचारहरुबीचको प्रक्रिया हो, अरुमाथि आफ्नो विचार लाद्ने केही अर्धसैनिक जत्थाहरुले चलाएको एउटै पार्टीको बर्चस्व होइन ।

जनताद्वारा शान्ति र लोकतन्त्र ल्याउन प्रदत्त म्याण्डेट पूरा गर्ने नेपाल सरकारका प्रयासहरुमा सहयोग गर्न पाउँदा संयुक्त राज्य अमेरिका हर्षित छ । यो वर्ष अमेरिकी सरकारले नेपाललाई वैदेशिक सहायतास्वरुप ५ करोड अमेरिकी डलरभन्दा बढी उपलब्ध गराउनेछ । यसमध्ये ८० लाख डलर लोकतन्त्रसम्बन्धी कार्यक्रमहरुका लागि छुट्याउने योजना छ । यसअन्तर्गत निर्वाचन प्रक्रिया, तथा न्याय र मानवअधिकार सम्बन्धी संघसंस्थाका लागि सहयोग उपलब्ध हुनेछ । त्यस्तै एचआइभी/एड्स लगायत अन्य स्वास्थ्य क्षेत्रका लागि १ करोड ८० लाख डलर उपलब्ध गराइनेछ । त्यस्तै व्यावसायिक शिक्षा र कृषिसम्बन्धी कार्यक्रमका लागि ६० लाख डलर उपलब्ध गराइनेछ । अमेरिकी सरकारले यो वर्ष ८३ लाख डलरबराबरको खाद्य र अन्य मानवीय सहयोग पनि उपलब्ध गराएकोछ । यसका अतिरिक्त राष्ट्रिय र स्थानीय स्तरका शान्ति-प्रक्रियाका पहलहरु र विस्तृत शान्ति सम्झौता, आचारसंहिता तथा संविधानसभाको चुनावजस्ता विषयमा सार्वजनिक जानकारीको अभिवृद्धिका प्रयासहरुका लागि पनि हामी थप १ करोड डलरभन्दा बढीको सहयोग उपलब्ध गराउनेछौं ।

यसै परिप्रेक्ष्यमा, हालसालैको एउटा विकासक्रमका बारेमा म तपाईंहरुसमक्ष केही कुरा राख्न चाहन्छु, जसले मलाई चिन्तित बनाएको छ। ह्यूमन राइट्स वाचका अनुसार ६ देखि ९ हजारसम्म बालबालिका माओवादीको जनमुक्ति सेनाका शिविरहरुमा बसिरहेका छन्। यो विस्तृत शान्ति सम्झौताको सरासर उल्लंघन हो। कुनै पनि देशमा बालबालिकालाई यस्तो अवस्थामा राखिनु हुँदैन। यी बालबालिकाको ठाउँ स्कूल हो, माओवादी शिविर होइन। यो बालबालिकाको अधिकारको निकृष्ट उल्लंघन हो। यो विषयको चाँडै समाधान गरी बालबालिकालाई शिविरबाट मुक्ति दिएर माओवादीले शान्ति प्रक्रियाप्रति साँचो र ठोस प्रतिबद्धता प्रकट गर्न सक्छन्।

छापामार युद्ध छोडेको एक वर्षभन्दा बढी भैसक्दा पनि माओवादीको हिंसा, जबरजस्ती चन्दा असुली र धम्कीजस्ता कार्यप्रतिको मोह यथावत छ। गत फेब्रुअरीमा मैलै माओवादी नेतासँग हात मिलाएर लोकतान्त्रिक मूलधारमा स्वागत गर्ने आफ्नो इच्छा भएको कुरा बताएको थिएँ। मैले यहाँ रहँदा धेरै नेपालीसँग हात मिलाउने मौका पाएको छु। तर म पुष्प दाहालसँग हात नमिलाइकनै फर्किनुपर्ने हो कि जस्तो देखिँदैछ। वहाँ र वहाँको पार्टीले हिंसाको त्याग गर्न नसकेको देख्दा त मेरो दिमागले काम गरुञ्जेल म यो काम गर्न सक्दिन।

**ऐतिहासिक अवसर**

संविधान सभाको चुनाव अगाडि नै पुष्प दाहाल र अन्य माओवादी नेतृत्वलाई आफ्नो पार्टी लोकतन्त्र र शान्तिप्रति साँच्चिकै प्रतिबद्ध छ भनेर प्रमाणित गर्ने ऐतिहासिक मौका प्राप्त छ। म आशा गर्दछु, माओवादीहरुले यो मौकाको उपयोग गर्नेछन् र इमान्दारीपूर्वक हिंसा त्याग्नेछन्। आफू शान्तिप्रेमी लोकतन्त्रवादी भएको माओवादीको दावीलाई उनीहरुकै कार्यकर्ताका क्रियाकलापले झूठ तुल्याइरहेका छन्। यदि माओवादीले जनताको विश्वास र समर्थनको चाहना राख्ने हो भने उनीहरुले लोकतान्त्रिक प्रतिस्पर्धा र स्वतन्त्र चुनावको बाटो रोज्नुपर्छ, हिंसाको होइन।

सन् २००६ को अप्रिलमा जनता जागेका थिए। उनीहरुले शान्ति तथा लोकतन्त्रको माग राखेका थिए। उनीहरुले सबै पक्षबाट पारदर्शिता र जवाफदेहिता खोजेका थिए। लोकतान्त्रिक सरकार र लोकतान्त्रिक संस्कारको निर्माण एक लामो प्रक्रिया हो। म तपाईंहरु सबैलाई लोकतन्त्रको प्राप्ति र

जगेर्नाका लागि इच्छाशक्तिको जोगाड गर्न आग्रह गर्दछु। नेपालका अन्य मित्रहरुले जस्तै संयुक्त राज्य अमेरिकाले आफूले सकेको ठाउँमा तपाईंहरुलाई सहयोग गर्नेछ। तर नेपालको भविष्य नेपालीहरुकै हातमा छ। यो कुरा तपाईंहरुले पनि बुझ्नु भएकै छ। यसको राम्रो उपयोग गर्नुहोस्। धन्यवाद।